# ईश्वरीय राज्य

ईश्वरीय राज्य बारे परिचयात्मक अध्ययन

फ्रयाङ्किलीनद्धारा

म तपाईहरुलाई स्वर्ग राज्यको राजाको परिचय गराउँदछु ।

हाम्रो **प्रभु येशू खीष्ट**, जो आशिषीत हुनुहुन्छ र एकमात्र सार्वभौमिक शक्ति हुनुहुन्छ, **राजाहरुका राजा** र **प्रभुहरुका प्रभु, उहाँमा अमरत्व छ र कहिले नटुङ्गिने प्रकाशमा उहाँ बास गर्नुहुन्छ,** जसलाई कोही मानिसले देखेको छैन वा देख्न पनि सक्दैन । उहाँलाई आदर होस् र अनन्तको प्रभुत्व भई रहोस् ! आमिन् ।

**उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ** कलस्सी १:१६-१७

- तसर्थ उहाँ कतैबाट पनि आउनु भएको होइन किनकि उहाँलाई आउनका लागि त्यहाँ कुनै ठाउँ र कुनै थोक थिएन ।

**उहाँमा नै सबै थोक सृष्टि भएका थिए** कलस्सी १:१६-१७

- उहाँले बोल्नुभएको अधिकारको वचन र उहाँको शक्तिद्धारा

**उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्** कलस्सी १:१६-१७

- उहाँ नाभिकीय टास्ने कुरा हुनुहुन्छ जसले परमाणुहरु र सबै थोकलाई सँगै बाँधेर राख्छ ।

फिलीप्पी २:६-११

परमेृश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको **बराबरी** हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन ।

- हाम्रो प्रभु येशु खीष्ट ईश्वरीय स्वभावमा परमेश्वर पिताको बराबर हुनुहुन्थ्यो ।

तर आफैलाई **रित्याई**कन **कमाराको रुप धारण** गरेर,तथा मनुष्य भएर जन्मनुभयो

- उहाँले आफ्नो स्तर, उहाँको सिंहासन त्याग्नु भयो, सबै थोक त्यागेर उहाँ स्वर्गबाट तल ओर्लनु भयो तर उहाँले आफ्नो ईश्वरीय स्वभाव त्याग्नु **भएन** ।

स्वरुपमा मानिसजस्तै भएर आफैलाई **होच्याउनुभयो**, र **मृत्युसम्मै,** अर्थात् **कूसको मृत्युसम्मैआज्ञाकारी** रहनुभयो ।

- उहाँ आफ्नो मानिसहरुलाई खोज्न र बचाउँन आउँनुभएको हो । लूका १९:१०
- र हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । २ कोरिन्थी ५:२१

यसै कारणका लागि पनि, **परमेश्वरले उहाँलाई माथि उचाल्नु भयो**, सबै **नाउँ**हरु भन्दा उच्च नाउँ दिनुभयो, ताकि स्वर्ग र पृथ्वीमा र पृथ्वी मुनि भएका सबैले येशूको **नाउँमा घुडा टेकुन्** र परमेश्वर पिताको महिमाको लागि येशूको नाउँमा **सबै जीब्रोहरुले यो स्वीकार गर्नेछन् कि येशु खीष्ट नै प्रभु हुनुहुन्छ** ।

**परमेश्वर पिताले उहाँलाई धेरै माथि उचाल्नुभयो** र परमेश्वर पुत्रलाई राज्य दिनुभयो लूका

२२:२९

- हिब्रू १:८ तर पुत्रको विषयमा चाहिँ उहाँ भन्नुहुन्छ, हे **परमेश्वर, तपाईको सिंहासन** सदासर्वदाको निम्ति रहिरहन्छ, र न्यायको राजदण्ड **तपाईका राज्यको** राजदण्ड हो ।

दानिएल ७:१३-१४ राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो साम्‍ आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो । उहाँ ती अति प्राचीनकहाँ आउनुभयो र उहाँकै साम्‍ उपस्थित गराइनुभयो । उहाँलाई **अधिकार, महिमा र सार्वभौमिक शक्ति** दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरु र जातिहरुले उहाँको आराधना गरे । उहाँको **प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व** छ, जुनचाहिँ **कहिल्यै टल्नेछैन**, र **उहाँको राज्य** त्यो हो **जुन कहिल्यै नष्ट हुनेछैन** ।
प्रकाश १९:११-१६ मैले स्वर्ग उघ्रेको देखे र त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने **"विश्वासयोग्य" र "सत्य"** कहलाइनुहुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ । उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए । उहाँमा एउटा नाउँ अङ्कित थियो । जो उहाँलाई बाहेक अरु कसैलाई थाहा थिएन । उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ **"परमेश्वरको वचन"** थियो । स्वर्गका सेनाहरु सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरुमा चडेर उहाँको पछिपछि लागे । जातिजातिहरुलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरुमाथि शासन गर्नुहुन्छ । सर्वशक्तिमान्‌ परमेश्वरका क्रोधको दाख कुण्ड उहाँले कुल्चनहुन्छ । उहाँका पोशाक र तिघ्रामा **"राजाहरुका राजा" र "प्रभुहरुका प्रभु"** अङ्कित छ ।
दानिएल २:४४ यी राजाहरुको समयमा **स्वर्गमा परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हनेछैन,** न त यसको सार्वभौमिकता अरु कुनै जातिको हातमा दिइनेछ । यसले यी सबै राज्यहरुलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर **यो राज्यचाहिँ सदा सर्वदा रहिरहनेछ** ।
दानिएल ७:१८ तर **सर्वोच्चकापवित्र जनहरुले** यो **राज्य** पाउनेछन्‌ र **सदासर्वदाको लागि अधिकार** गर्नेछन्‌ - हो, सदासर्वदाको लागि ।

परमेश्वरको राज्य के हो ?
परमेश्वरको राज्य पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो ।
रोमी १४:१७

- धार्मिकता (पाप छैन)
  - उहाँले मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ । भजनसंग्रह २३:३
- शान्ति
  - उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ । भजनसंग्रह २३:२
- आनन्द
  - उहाँको उपस्थीतिमा पुरा आनन्द छ भजनसंग्रह १६:११

हामी कसरी स्वर्ग राज्यमा प्रवेश गर्न सक्छौं ?
१. दुई ओटा जन्महरु आवश्यक छन्‌ :

- यूहन्ना ३:५-६ साँच्चै म तिमीलाई भन्दछु, कोही पानी (प्रकृतिक जन्म)र आत्माद्धारा (आत्मिक जन्म)जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो (प्रकृतिक जन्म), र पवित्र आत्माबाट जन्मेको आत्मा हो(आत्मिक जन्म)।

२. तिम्रो स्वर्गिय पितामा बलकले जस्तो विश्वास र भरोसा गर । तिमीले उहाँले भन्नुभएको सबै कुरा सत्य हो भनि विश्वास गर, केही कुरासँग वा कसैले पनि तुलना नगरोस् । सबै जाना भन्दा उहाँ शक्तिसाली हुनुहुन्छ । जब उहाँले तिमीलाई माथि हावामा फाल्नुहुन्छ तिमीमा डर हुँदैन किनकि उहाँले तिमीलाई सधैं पक्रनुहुन्छ । कोही पनि छैन जसलाई तिमीले तिम्रो पितालाई भन्दा बढी प्रेम गर्छौ ।

- लूका १८:१७ साँच्चै म तिमीहरुलाई भन्दछु, जसले एउटा बालकले जस्तै परमेश्वरको राज्यलाई ग्रहण गर्दैन, त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्नेछैन ।

अर्को प्रश्न यो छ कि : हामी कसरी परमेश्वरको राज्यमा ज्यूने ?

## परमेश्वरको राज्यमा ज्यूने

# स्वर्ग राज्यसम्म पुऱ्याउँने साँचाहरु

परमेश्वरको राज्यको बारेमा गरिएको परिचयात्मक अध्ययन

फ्रियाङकिलिनद्धारा

**मत्ती ६:३३**तर **पहिले** उहाँको राज्य र उहाँका धार्मिकताको **खोजी*** (वा चाहाना) गर, र यी **सबै थोक तिमीहरुका निम्ति थपिनेछन्** ।

*अनिवार्य – आज्ञे

"चाहाना"को अनुवाद जस्तै यो बैधानिक अनुवाद हो । हाम्रो पिता चहानुहुन्छ हामीले सबै कुरा भन्दा बढि उहाँको राज्यको "चाहाना" गरेको ।

"खोज" भन्ने शव्दले यो सङ्केत गर्दछ कि राज्य हामीबाट लुकेको छ ।

लुकेको छैन, हामीहरुको माझमा छ (लूका १७:२१)

यदि तिमीले चाहाना गर्छौ भने–तिमीले खोज्नेछौ ।

- हामीले के चाहिँ खोज्नु पर्छ ? परमेश्वरको राज्य के हो ?
- जब येशूले हामीलाई कसरी प्रार्थना गर्नुपर्छ भनेर सिकाउँनु भयो त्यसमा हामीले छोटो उत्तर पाउँछौ ।

मत्ती ६:९–१०"तर तिमीहरु चाहिँ यस किसिमले प्रार्थना गर: हे हाम्रा **पिता,** जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । **तपाईको राज्य आओस्** ।(कसरी?)**तपाईको इच्छा** स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा **पूरा होस्** ।"

- उहाँको राज्य आउँछ र यस्तो छ – जब उहाँको इच्छा पूरा हुन्छ – जब उहाँको आज्ञापालन गरिन्छ . . . जस्तो स्वर्गमा छ ।
- जब हामी उहाँलाई मुक्तिदाता भनेर **विश्वास** र भरोसा गर्दछौं र उहाँलाई प्रभु भनेर **आज्ञापालन** गर्दछौ ।

१ यूहन्ना ३:२२–२३ हामी **जे माग्छौ, सो उहाँबाट पाउँछौ, किनभने** हामी उहाँका **आज्ञापालन** गर्छौ, र उहाँलाई मन पर्ने कामहरु गर्छौ । उहाँको आज्ञा यही हो, कि हामीले उहाँका पुत्र येशू खीष्टको नाउँमा **विश्वास** गर्नुपर्छ र

उहाँले हामीलाई आज्ञा दिनुभएबमोजिम एउटाले अर्कोलाई **प्रेम** गर्नुपर्छ ।

लूका १२:३२ सानो बगाल, नडराओ! किनभने तिमीहरुलाई राज्य **दिन** तिमीहरुका **पिता** प्रसन्न हुनुहुन्छ । यदि तिमीलाई साँचै चाहिएको छ भने !

- उहाँलाई साचो रुपमा खोज्नेहरुलाई उहाँले इनाम दिनुहुन्छ । हिब्रू ११:६

तिमीलाई स्वर्ग राज्यका असल थोक दिँदा उहाँ त्यसले खुशी दिँदछ :

- लुगा, खाना, आश्रय, स्वास्थ
- आशिष र समृद्धि
- मुक्ति र स्वतन्त्रता
- अधिकार र शक्ति
- आनन्द र शान्ति र अझ धेरै कुराहरु

तिमीले गरेको सबै भन्दा ठूलो र महत्वपूर्ण निर्णय भनेको येशू खीष्टमा विश्वास गर्नु र उहाँलाई पाऊनु हो ।

जब तिमीले विश्वास गर्छौ, तब धेरै कुराहरु हुन थाल्द छन् :

१. फेरि जन्मेको

१ पत्रुस १:२३ परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरु **नयाँ गरी जन्मेका** छौ ।

२. मृत्युबाट निकालिएको र जीवनमा ल्याईएको

यूहन्ना ५:२४ साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि **विश्वास** गर्छ, त्यससित **अनन्त जीवन छ** । त्यो न्यायमा आउँदैन, तर **मृत्युदेखि त्यसले जीवनमा प्रवेश** गरेको छ ।

३. प्राथमिक्ता - विचार गर्नु र कार्य गर्नु परिवर्तन हुन्छ

२ कोरिन्थी ५:१७यसकारण  कोही खीष्टमा छ भने त्यो **नयाँ सृष्टि हो** । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।

४. नयाँ हृदय धारण गर - नयाँ नाम - नयाँ आत्मा ।

इजकिएल ३६:२६ म तिमीहरुलाई नयाँ हृदय र नयाँ आत्मा दिनेछु
यशैया ६५:१५ तर मेरा दासहरुलाई अरु नाउँद्वारा बोलाइनेछ
प्रकाश २:१७म उसलाई . . . दिनेछु नयाँ नाम . . .

५. उहाँले हामीलाई**अन्धकारको दासत्वबाटमुक्ति दिनुभयो**, र हामीलाई उहाँको **प्रिय पुत्रको राज्यमाल्याऊनु** भयो ।

कलस्सी १:१३-१४

- **नयाँ,** हामी भित्र फरि जन्मेको **व्यक्ति,** स्वर्ग राज्यमा **ल्याईएको** छ । त्यो चाहिँ : र परमेश्वरको स्वरुपमा **साँचो धार्मिकता र पवित्रतामा** सृष्टि भएको **नयाँ स्वभावलाई** धारण गर । एफिसी ४:२४
- प्रभुले, हामीलाई उहाँको अनन्तको धारणा अनुसार जीवित देख्नु हुन्छ र हाम्रा पुराना पापमय स्वभावलाई मरेको देख्नुहुन्छ :

**तिमी मरेको थियौ** (एफिसी २:१)। जब तिमी खीष्टमा आएका थियौ, तिमी खतना गरिएको थियौ, तर शरीरमा होइन । खीष्टले आत्माको खतना गर्नुभयो - **तिम्रा पापमय स्वभावलाई काटेर** । किनकि जब

तिम्रो बप्तीस्मा(हाम्रो पुरानो स्वभाव र तिमी चिहानमा छोडियो) भयो तब **तिमी** ख्रीष्टसँगै **गाडिएका** थियौ । र **उहाँसँगै तिम्रो**(हाम्रो नयाँ स्वभाव)**नयाँ जीवनमा पुनरुत्थान भयो** किनकि तिमीले परमेश्वरको शक्तिमा विश्वास गऱ्यौ, जसले ख्रीष्टलाई मृत्युबाट जीवित परेको थियो । कलस्सी २:११-१२नयाँ जीवित अनुवाद

त्यसैले, परमप्रभुले हामीलाई यसरी हेर्नुहुन्छ - हाम्रो "पुरानो स्वभाव" मरेर गडियो - र हाम्रो नयाँ "जन्मिएको स्वभाव" नयाँ जीवनमा आयो - विश्वासीहरुको अनन्त जीविन निश्चित छ, यो निश्चित भएको कुरा हो ।

तथापि, अहिलेको लागि, हाम्रो "पुरानो स्वभाव" हामीसँगै छ । यो समस्या हो, ठूलो समस्या ।

तर हामीलाई भनिएको छ : तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौ (जे हो त्यही नै होओ) भन्ने विश्वास गर्दछौ । यसकारण शरीरका अभिलाषा अनुसार चल्नु नपरोस् भनी तिमीहरुका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ । आफ्ना शरीरमा अङ्गहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरु जस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरुलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर । किनकि पापले तिमीहरुमाथि राज्य गर्नेछैन, किनकि तिमीहरु व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ । रोमी ६: ८-१४ पालन गर्नुपर्ने - आज्ञा

- पुरानो मरिसकेको, पापमय स्वभाव स्वर्ग राज्यमा प्रवेश गर्न सक्दैन ।
- पवित्र आत्माद्धारा चलाइनु भनेको - स्वर्ग राज्यमा हिँड्नु हो
- जब शरीरद्धारा चलाइन्छौं - हामी संसारको राज्य अनुसार चल्न थाल्छौं, जसले शैतानलाई अवसर दिँदछ ।
- त्यसैले यो एकदमै महत्वपूर्ण छ कि हामी "आफ्नो क्रूस बोक्नु पर्छ र हाम्रो पुरानो स्वभाव क्रूसमा नै टाँगि राख्नुपर्छ । यदि कोही मेरो पछि आउँन इच्छा गर्छ भने, उसले आफैलाई त्याग्नुपर्छ, दिनहुँ आफ्नो क्रूस बोक्नुपर्छ र मलाई पछ्याउँनुपर्छ । लूका ९:२३-२४

नयाँ स्वभाव मात्र परमेश्वरको राज्यमा प्रवेश गर्न सक्छ जसै यो धार्मिकतामा र पवित्रतामा बनाईएको हुन्छ । एफिसी ४:२४

हामी नयाँ गरी जन्मिए पछि **हामीमा २ स्वभावहरु**वा २ चरित्रहरु हुन्छन् जसले हामी कसरी व्यवहार गर्छौं त्यसले निर्भर गर्छ, एउटाले मात्र होइन !

- **"पुरानो म"** - पुरानो स्वभाव
    - ✓ आफ्नै लागि मात्र ज्यूँछ
    - ✓ शरीरद्धारा नियन्त्रण गरिएको
    - ✓ कामवासनाद्धारा प्रेरित
    - ✓ पापलाई "हुन्छ" भन्छ
- **"नयाँ म"** - नयाँ मानिस
    - ✓ अरुको लागि ज्यूँछ
    - ✓ पवित्र आत्माद्धारा नियन्त्रण गरिएको

- ✓ प्रेमद्धारा प्रेरित
- ✓ प्रभुलाई “हुन्छ” भन्छ

**खुशीको खबर यो हो कि :**

शैतानले “नयाँ मानिसलाई” छुन सक्दैन / हामी भित्र भएको पत्रुसलाई !

- याकूब ४:६-७ . . .यसकारण आफैलाई परमेश्वरको अधीनमा राख । दियाबलसको विरोध गर, र त्यो तिमीहरुबाट भाग्नेछ ।
- १ यूहन्ना ५:१८परमेश्वरबाट उत्पन्न भएको कसैले पनि( “नयाँ मानिसलाई” ) पाप गरिरहँदैन, तर परमेश्वरका पुत्रले त्यसलाई (येशू)सुरक्षीत राख्नुहुन्छ, र दुष्टले त्यसलाई छुँदैन ।
- हितोपदेश १:३३तर मैले भनेको कुरा जस–जसले सुन्छन् तिनीहरु सुरक्षामा जिउनेछन्, र हानिनोक्सानीको डरैविना ढुक्क रहनेछन् ।

**दु:खको खबर यो हो कि :**

शैतानले “पुरानो पापमय स्वभावलाई” आक्रमण गर्छ / हामी भित्र भएको सिमोन !

एफिसी ४: १७-३२ २७ पद र दियाबलसलाई मौका नदेओ ।

**शैतानलाई अवसर दिने पापहरु के के हुन् ?**

एफिसी ४(१७) अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु कि अन्यजातिहरु जसरी तिनीहरुका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरु अबदेखि उसो नजिओ । (१८) तिनीहरुको हृदयको कठोरताले ल्याएको तिनीहरुका अज्ञानताको कारणले तिनीहरु परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरुको समझ अन्धकारले भरिएको छ । (१९) तिनीहरु कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरु छाडा भएका छन् । (२०) तर खीष्टलाई त तिमीहरुले यसरी जानेका छैनौ । (२१) येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरुले सुनेका र सिकाइएका छौ भनी म ठान्छु । (२२) छली लालसाहरुद्धारे भ्रष्ट भएका तिमीहरुको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको पुरानो स्वभाव त्याग । (२३) र आफ्नो भित्री वर्तावमा नयाँ होओ, (२४) र परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।

हामीले प्राप्त गर्ने हाम्रो नयाँ नाम र नयाँ चरित्रको उदाहरण :

यूहन्ना १:४२ येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, तिमी योआनेसको छोरो सिमोन हौ, तिमी केफास भनिनेछौ । ( अरमाइक - पत्रुस अनुवाद गरे)

- ❖ यो समयमा उनी फेरि जन्मिएको थिएन ।
- ❖ “बोलाइने छ” अहिले होइन, तर भविष्यमा । कहिले ?

जब उहाँको नाम परिवर्तन भयो - जब उनले विश्वास गरे :

मत्ती १६:१३-१९ उहाँले आफ्ना चेलाहरुलाई सोध्नुभयो, मानिसहरुले मानिसको पुत्रलाई को हो भनी भन्छन् ? (१४) तिनीहरले जवाफ दिए, कसैले बप्तिस्मा दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरु मध्ये कुनै एक जना हुन् भनी भन्छन् । (१५) उहाले तिमीहरुलाई सोध्नुभयो, तिमीहरु के भन्छौ, म को हुँ ? (१६) सिमोन पत्रुसले जवाफ दिए, तपाई खीष्ट हुनुहुन्छ जीवित परमेवरको पुत्र । (१७) येशूले तिनलाई भन्नुभयो, योनाको छोरो सिमोन, तिमी धन्य हौ । किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो । (१८) म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ (पेट्रोस)। म मेरो मण्डली यस चट्टानै (पेट्रा)माथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन् । (१९) म तिमीलाई स्वर्गको राज्यका साँचाहरु दिनेछु । जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ । (सि पी मत्ती १८:१८)

यी साँचाहरु पृथ्वीमा प्रयोग गर्नका लागि हुन् ! (भजनसंग्रह ११५:१६ पृथ्वी मानिसलाई दिईएको)
**पेट्रोस;**सानो चटेटान, ढुङ्गा / **पेट्रा**ठुलो चट्टान ।
भजनसंग्रह ९५:१ आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔं, हामो उद्धारको चट्टानकहाँ चर्को सोरले कराऔं । भजनसंग्रह ८९:२६ २ शामुएल २२:३, ४७
येशू खीष्ट - "चट्टान" - "जगको ढुङ्गा"
१ कोरिन्थी ३ : ११ किनकि जुन जग बसालिसकिएको छ, जो येशू खीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन । मत्ती७:२४ सुन्छ र पालन गर्छ/चट्टान माथि बनायो
हामीहरु "सानो" ढुङ्गाहरु हौं : १ पत्रुस २ : ४-८
२ कोरिन्थी ५:१७यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।

- नयाँ नाम
- नयाँ मानिस एफिसी ४:२२-२४ "नयाँ स्वभाव"

एफिसी ४:२२-२४ छली लालसाहरुद्धारे भ्रष्ट भएका तिमीहरुको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको पुरानो स्वभाव (तिमी भित्र भएको सिमोन) त्याग । र आफ्ना भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वभावमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई (तिमी भित्र भएको पत्रुस) धारण गर ।
हामी फेरि जन्मिए पछि **हामीमा २ स्वभावहरु हुन्छन्**, एउटा मात्र होइन !

- **"पुरानो स्वभाव"** - पुरानो पापमय स्वभाव - सिमोन
  - ✓ आफ्नै लागि मात्र ज्यूँछ
  - ✓ शरीरद्धारा नियन्त्रण गरिएको
  - ✓ कामवासनाद्धारा प्रेरित
  - ✓ पापलाई "हुन्छ" भन्छ
- **"नयाँ स्वभाव"** - नयाँ धार्मिक मानिस - पत्रुस
  - ✓ अरुको लागि ज्यूँछ
  - ✓ पवित्र आत्माद्धारा नियन्त्रण गरिएको
  - ✓ प्रेमद्धारा प्रेरित
  - ✓ प्रभुलाई "हुन्छ" भन्छ

रोमी ६:१६ के तिमीहरु जान्दैनौ, आज्ञाकारी कमाराको रुपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारे पनि हुन्छौ ? कि त मृत्युतिर लाने पापको कमारे अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको ?
रोमी ६:१९तिमीहरुमा रहेको मानवीय कमजोरीको कारणले म तिमीहरुले बुझ्न सकिने भाषामा बोलिरहेको छु । किनकि जसरी तिमीहरुले एक पल्ट आफ्ना अङ्गहरुलाई अशुद्धता र झन् झन् बढी अपराधका (अन्धकारको राज्य) निम्ति समर्पण गर्‍यौ, अब त्यसरी नै पवित्रकरणको (परमेश्वरको राज्य) निम्ति आफ्ना अङ्गहरुलाई धार्मिकताको निम्ति समर्पण गर ।

**येशू, मानव जस्तै,** आकृतिमा वा प्रकारमा, स्वर्ग राज्यमा **प्रवेश** गर्नुभयो जब :
(१)**उहाँले उहाँको बोलावटलाई उत्तर दिनुभयो** र **उहाँले आफ्नो परिवारलाई र यस संसारको शासनपद्धतिलाई छोड्नुभयो** । उहाँको बप्तीस्ममा प्रमाणित भएको छ – आफ्नो मृत्युमा र उहाँको स्वर्गिय पिताको **आज्ञाकारीतामा** ।

(२) त्यस पछि येशूले परीक्षामा **शैतान र पापलाई "नाई"भन्नुभयो** र उहाँको **पितालाई "हुन्छ" भन्नुभयो** । येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो**ठूलो अधिकारको साथ** । (लूका ४:१४ र १८)
यूहन्ना ८:२९ मलाई पठाउनुहुने **मसँग** हुनुहुन्छ । उहाँले मलाई **एकलै छोड्नुभएको छैन, किनभने म सधै उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु** ।

**अब्राहाम**, दृश्य वा प्रकारमा, (१)**आशिषीत** थिए र जब उनले **उनको बोलावटलाई पालन गरे** र आफ्नो परिवार र यस संसारको शासनपद्धतिलाई त्यागे तब उनी स्वर्ग राज्यमा प्रवेश गरे । (उत्पत्ति १२?१–४) । (२) र जब **उनको आज्ञाकारीताले** अघि बढ्न **ठूलो कदम लियो** उनले **ठूलो आशिष**पाए ।(उत्पत्ति २२:१६–१९)

> मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तैंले यो काम गरेकोले र तेरो छोरो, अर्थात् तेरो एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्चय नै तँलाई आशिष दिनेछु । (१७) तेरो सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु । तेरा सन्तानले आफ्ना शत्रुहरुका सहरहरु कब्जा गर्नेछन् । (१८) तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरु आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस् ।

मत्ती ११:१२ बप्तिस्मा दिने यहून्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य जोडले अगि बढिरहेको छ(वा बलजफति साथ बढ्नु), अनि शक्तिशाली मानिसहरु बलजफतीसँग यसलाई पक्रन्छन्(वा आफ्नो लागि पक्रिराख्नु)।
यस पदले यो सङ्केत गर्दछ कि परमेश्वरको स्वर्ग राज्यमा प्रवेश गर्न र त्यही रहिरहन धेरै संघर्षहरुको सामना गर्नुपर्ने हुनसक्छ, हाम्रो पुरानो स्वभाव र हाम्रो नयाँ स्वभाव बीचको संघर्ष ।
गलाती ५:१७–२६ किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध । तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरुलाई रोक्नका निम्ति यी चाहिँ एक अर्काको विरुद्धमा हुन्छन् । १८ तर यदि तिमीहरु पवित्र आत्माद्वारा डोऱ्याइएका हौ भनेता तिमीहरु व्यवस्थाको अधीनमा हुँदैनौ ।

१९ पापमय स्वभावका कामहरु प्रत्यक्ष छन्, जो यी नै हुन् –व्यभिचार, अपवित्रता, लम्पटपना, २० मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैँझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट,गुटबन्दी, २१ डाह, पियक्कडपन, अशलील मोजमज्जा र यस्तै अरु, जसका विषयमा म तिमीहरुलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ । जस जसले यस्ता कामहरु गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन् ।

२२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन ।

२४ तर तिनीहरु, जो खीष्ट येशूका हुन्, तिनीहरुले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन् ।

२५ हामी पवित्र **आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँडौं** । २६ हामी अहङ्कारी नहोऔं, एउटाले अर्कोलाई रीस नउठाऔं, र एउटाले अर्कोलाई ईष्या नगरौं । नयाँ जीवित अनुवाद

मथिका खण्डले स्पष्टसँग परमेश्वरको राज्यमा रहनका लागि, त्यहाँ जीउँनका लागि हामीमा हुने युद्ध र संघर्षलाई व्यख्य गर्दछ ।
लूका १६:१६ बप्तिस्मा दिने यूहन्नाको समयसम्म मोशाको व्यवस्था र अगमवक्ताहरु प्रचार गरिए । त्यस बेलादेखि परमेश्वरका राज्यको सुसमाचार प्रचार गरिएको छ, र सबै जना त्यस राज्यभित्र बलपूर्वक प्रवेश गर्दछन् ।
२ कोरिन्थी १०:४–५किनकि हाम्रो युद्धका अस्त्रशस्त्र सांसारिक होइनन्, तर किल्लाहरु नश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ (गलत विश्वास) । ५ परमेश्वरका ज्ञानको विरुद्धमा खडा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई खीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।
यस पदले साफसँग बताउँदछ कि **युद्ध हाम्रो दिमागमा छ**। हाम्रो संघर्ष भनेको **खीष्टको इच्छामा आफ्नो विचारहरुलाई पंक्तिबद्ध गराएर राख्नु हो** ।

> तपाईको राज्य आओस् । **तपाईको इच्छा** पुरा होस् ।

रोमी ६:१७तर परमेश्वरलाई धन्यवाद होस् कि तिमीहरु, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको

नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौं ।

तलका बुदाहरुले तिम्रा विचारहरुलाई हाम्रा येशू **खीष्टकोइच्छाको** आज्ञाकारीमा ल्याउन सहयोग गर्छ ।

१. बन्दी बनाउँनका लागि हरेक विचारहरुलाई **लडाइँको** आवश्यक हुन्छ हाम्रो पुरानो पापमय स्वभावको कामवासना र सोच, तर्क र संसारको ज्ञान र त्यसको तरीका बीचको लडाई ।

२.हामीहरु **आफ्नो दिमाग येशूमा** र स्वर्गिय कुराहरुमा ध्यान लगाउँनका लागि **अटल हुनुपर्छ** नाकि संसारको कुराहरुका लागि ।

१ यूहन्ना २:१५ संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर । यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन ।

फिलिप्पी ३:१८–२० मैले धेरै पल्ट बताएका मानिसहरुका बारेमा फेरि पनि म तिमीहरुलाई रुँदै भन्दछु कि तिनीहरु खीष्टका कूसका शत्रुहरुजस्तै जीवन बिताउँछन् । विनाश तिनीहरुको अन्त्य हो, पेट तिनीहरुको ईश्वर हो, र तिनीहरु आफ्ना शर्ममा गौरव गर्दछन्, र तिनीहरुको मन सांसारिक कुरामा लागिरहन्छ । तर हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू खीष्टको प्रतीक्षा हामी गर्दछौं ।

कलस्सी ३:२ माथिका कुरामा मन लगाओ । पृथ्वीमा भएका कुरामा होइन ।

पवित्र आत्माद्धारा नियन्त्रण गरिएको दिमाग चाहिँ जीवन र शान्ति हो ।

रोमी ८:६–८ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो । किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ । पापमय स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् ।

## हामीले हाम्रो दिमागलाई परमेश्वरको वचनले भर्नुपर्छ ।

भजनसंग्रह १:१–३धन्य हो त्यो मानिस, जो दुष्टहरुको सल्लाहमा हिँड्दैन, जो पापीहरुको मार्गमा खडे हुँदैन, अनि गिल्ला गर्नेहरुको सङ्गतमा बस्दैन । तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ । त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन । त्यसले जे पनि गर्छ त्यसमा त्यो सफल हुन्छ ।

भजनसंग्रह १९:७–१४ परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने । परमप्रभुका कानूनहरु विश्वासनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने । ८ परमप्रभुका नियमहरु ठीक छन्, हृदयलाई आनन्द गराउने । परमप्रभुका आज्ञाहरु उज्जवल छन्, आँखालाई प्रकाश दिने । ९ परमप्रभुको भय स्वच्छ छ, अन्नतकालसम्मै स्थिर रहने । परमप्रभुका विधिहरु सच्चा छन्, ती सर्वथा धर्ममय छन् । १० सुनभन्दा पनि ती बढी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढी, चाकाबाट टप्कने महभन्दा बढी गुलिया । तीबाटै तपाईको दासले चेताउनी पाउँदछ, ती पालन गर्दा ठूलो इनाम मिल्नेछ । हे परमप्रभु, मेरो चट्टान र मेरा उद्धारक, मेरो मुखका शव्द र मेरो हृदयका ध्यान तपाईको दृष्टिमा ग्रहणयोग्य होऊन् । र भजनसंग्रह ११९

**हामीले हाम्रो** दिमागलाई परमेश्वरको वचनले भर्नुपर्छ, र ती कुराहरुबाट पनि जुन महान्,उत्कृष्ट र प्रशंसाका योग्य छन् ।

फिलिप्पी ४:८–९ अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर । तिमीहरुले जुन कुरे मबाट सिक्यौ, र ग्रहण गऱ्यो र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरुसँग हुनुहुनेछ ।

यशैया २६:३ जसको मन तपाईमा अडिएको छ, त्यसलाई तपाईले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईमाथि भरोसे राख्छ ।

तिम्रो आँखाहरुले जे देख्न छन् र तिम्रो कानहरुले जे सुन्छन् त्यसमा सधैं होशियार होओ । दृढतासाथ इन्कार गर :

(१) तिम्रो आँखाहरुलाई कामवासनाका साधन बन्नबाट

अययूब ३१:१ कुनै स्त्रीलाई कुदृष्टिले नहेर्ने मैले मेरा आँखासित वाचा बाँधे ।

१ यूहन्ना २:१६ किनकि संसारमा भएका सबै थोक, अर्थात शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी

पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन् ।

(२) आँखाको अगाडि कुनै पनि अयोग्य कुराहरु वा दुष्ट कुराहरु हेर्न इन्कार गर्छ . . . पुस्तकहरु, पत्रिकाहरु, चित्रहरु, टिभी, अदि ।

भजनसंग्रह १०१:३ मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ ।
रोमी १३:१४ तर प्रभु येशू खीष्टलाई धारणे गर र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ ।
मत्ती ११:१२ बप्तिस्मा दिने यूहन्नाको समयदेखि अहिलेसम्म स्वर्गको राज्य जोडले अगि बढिरहेको छ (वा बलजफत बढ्नु), अनि शक्तिशाली मानिसहरु बलजफतीसँग यसलाई पक्रन्छन् (वा आफ्नो लागि लुकाई राख्ने)।
लूका १६:१६ बप्तिस्मा दिने यूहन्नाको समयसम्म मोशाको व्यवस्था र अगमवक्ताहरु प्रचार गरिए । त्यस बेलादेखि परमेश्वरका राज्यको सुसमाचार प्रचार गरिएको छ, र सबै जना त्यस राज्यभित्र बलपूर्वक प्रवेश गर्दछन् ।
प्रकाश १२:१०–१२ तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुने, अब हाम्रे परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका खीष्टको अधिकार आएको छ । किनकि हाम्रा भाइहरुलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरुलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ । ११ तिनीहरुले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरुले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन् ।

यस विषयलाई यस व्यब साइट धधधातचभबकगचभजष्कधयचमाअफको टिप्पणीमा अन्तर्गत “शिक्षण टिप्पणी” पाना नं ५मा बिस्तृत रुपमा सम्हालेको छ ।
शीर्षक : “परमेश्वरको राज्यसम्म पुऱ्याउँने साँचाहरु”